बैठक संख्या: ०२ - ०७८/७९

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७८/०६/२१

<u>प्रस्तावहरु:</u>

प्रस्ताव नं. १ः निर्माण सामाग्री र ज्याला दररेट निर्धारण सम्बन्धमा ।

प्रस्ताव नं. २ः मकै ब्लक क्षेत्र तोक्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ः लघु उद्यम क्षेत्र पहिचान सम्बन्धमा ।

प्रस्ताव नं. ४ः उपभोक्ता समिति गठन दर्ता सम्बन्धमा ।

प्रस्ताव नं. ५ः आयोजना सम्झौता सम्बन्धमा ।

प्रस्ताव नं. ६ः विविध सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफलले निम्नानुसारका निर्माण सामाग्रीहरु बाहेक अन्य सामाग्रीहरुको जिल्ला दररेटलाई आधार मान्ने निर्णय गरियो ।

निम्न

क) बडिगाड र कालिगण्डकी खोलाको गोलो ढुङ्गा(ढुवानी बाहेक) ५०० प्रति घनमिटर

ख) बडिगाड र कालिगण्डकी खोलाको ग्राबेल (ढुवानी बाहेक) ८०० प्रति घनमिटर

ग) बडिगाड र कालिगण्डकी खोलाको चालेको बालुवा(ढुवानी बाहेक) ५०० प्रति घनमिटर

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा वडा नं. ६,७ र ८ नं. वडालाई मकै ब्लक क्षेत्र तोक्ने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा आर्थिक बर्ष ०७८/०७९ मा वडा नं. १ र ५ मा उद्यम बिकासका कार्यक्रमहरु संचालन गर्ने र सो को लागि सहभागि कम भएमा वडा नं. १ को लागि वडा नं. २ को नजिकको अति बिपन्न बस्ति र वडा नं. ५ को लागि वडा नं. ४ को नजिकको अति बिपन्न बस्ति लाई समेट्ने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा ०७८ कार्तिक १५ गते भित्र सम्पूर्ण योजनाहरुको उपभोक्ता समिति गठन गरि गाउँपालिकामा पठाउन सम्पूर्ण वडाहरुमा जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०७८ कार्तिक १५ भित्र उपभोक्ता समिति गठन र लागत अनुमान तयार गर्ने काम सम्पन्न गरि लगत्तै आयोजना सम्झौताको काम सुरु गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: बिबिध क) प्रस्ताव नं. ६ माथि छलफल गर्दा गत आ.व. ०७७/०७८ मा सुरक्षित आवासको काम सम्पन्न गरेका तर पहिलो किस्ता रकम नपाएका उपभोक्ताहरुलाई चालु आ.व. ०७८/०७९ मा प्राथमिकता दिई रकम उपलब्ध गराउने निर्णय गरियो ।

बिबिध ख) मिति २०७६ सालमा आएको बर्षातका कारण विपदमा परेको बस्तिका लागि खानेपानि ब्यवस्था गर्ने सम्बन्धमा ठुलोलुम्पेकमा खानेपानिको नया मुल खोजि अक्षेवाको देउडाँडामा बनेको टंकिमा मिसाई पुरानो बस्ति र बिपद बस्तिलाई समेट्ने गरि एक घर एक धारा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

बिबिध ग) आयोजनाको काममा उपभोक्ताले बेहोर्नु पर्ने श्रमदान निम्नानुसार तोक्ने निर्णय गरियो ।

निम्न

अ) मेसिन लगाएर गरिने मोटरबाटोको काममा ५ प्रतिसत।

आ) भवन निर्माणको काममा १० प्रतिसत।

इ) सिंचाई र खानेपानिको काममा २० प्रतिसत।